E-mail : hgao.tulsipur@ag.gov.np
फोन नं. ०८२-५२३०७८, ५२०२००

# उच्च सरकारी वकील कार्यालय
## तुलसीपुर, दाङ

प.सं. :- ०७९/०८०
च.नं. : ५५४

मिति: २०७९।०६।३१

विषय :- परिपत्र ।

श्री जिल्ला सरकारी वकील कार्यालय,
दाङ, प्यूठान, रोल्पा, रुकुम पुर्वी भाग ।

सरकारी वकील कार्यालयहरुबाट सम्पादन हुने हरेक कार्यहरुलाई चुस्त, दुरुस्त र थप प्रतिफलयुक्त बनाउने आकांक्षाकासाथ तेश्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका विविध पक्षमा जिल्ला सरकारी वकील कार्यालय तथा उच्च सरकारी वकील कार्यालयहरुबाट हुने कामकारवाहीका सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयबाट जारी मार्गदर्शन र निर्देशन समेतको पुनःस्मरण गराउँदै आ-आफ्नो कार्यालयबाट पारीत गरी पठाइएको आ.व. २०७८।७९ का कार्यक्रम तथा कार्ययोजना र तालिकालाई ख्याल गर्दै थप प्रभावकारिता ल्याउने गरी कार्यसम्पादन गर्न गराउन देहाय बमोजिम परिपत्र जारी गरिएको छ ।

१. महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (आ.व. ०७८।०७९-२०८२।८३) ले निर्दिष्ट गरे बमोजिम कार्ययोजना पुरा गर्न आ.व. २०७९/०८० को लागि मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुबाट तयार भइ उच्च सरकारी वकील कार्यालयबाट स्वीकृत भएको वार्षिक कार्ययोजनामा उल्लेखित क्रियाकलापहरु समयावधीमै सम्पन्न गरि रणनीतिक योजना कार्यान्वयका क्रियाकलापहरुको सूची सहितको प्रतिवेदन नियमित रुपमा उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।
२. महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयबाट प्राप्त परिपत्रहरुको अभिलेखिकरणलाई चुस्त दुरुस्त बनाई अनिवार्य रुपमा कार्यान्वयन गर्ने/गराउने ।
३. सबै जिल्ला सरकारी वकील कार्यालयहरुले ई-हाजिरीलाई चुस्त दुरुस्त राखि अनिवार्य पालनाको व्यवस्था मिलाउने ।
४. प्रतिवादी नखुलेका एवं भवितव्य प्रकृतिका मुद्दाहरुमा मातहत कार्यालयहरुबाट निर्णयका लागि प्राप्त कतिपय मिसिलहरुमा अनुसन्धान गर्ने निकायहरुबाट वारदात घटेको सूचना वा

जाहेरी प्राप्त हुनासाथ त्यसैको आधारमा बुझ्नुपर्ने व्यक्तिहरुलाई तत्कालै बुझि कागज गरिगराइ मिसिल संलग्न गर्नुपर्नेमा हदम्याद सकिन लागेपछि उक्त कार्य गर्ने गरेको र जिल्ला सरकारी वकील कार्यालयबाट निर्णय हुँदा समेत त्यसतर्फ दृष्टि पुगेको नपाइदा ती कार्य समयमै गर्न तथा शव परिक्षण प्रतिवेदन वा अन्य भौतिक सबुदप्रमाण परिक्षणको काम तत्काल सम्पन गरी मौकैमा प्रतिवेदन समेत मिसिल सामेल गरी पठाउन लगाउने ।

५. मुद्दाको अनुसन्धान वा अभियोजनको दौरानमा देखा परेका समस्याहरुको यथोचित निराकरणको लागि कार्यालयमा कार्यरत सरकारी वकीलहरु, मुद्दाका अनुसन्धान अधिकृतहरु र आवश्कतानुसार अन्य सरोकारवालाहरु बीच नियमित छलफल र अन्तरक्रिया गर्ने तथा जिल्ला समन्वय समितिलाई थप क्रियाशिल बनाउने ।

६. अपराध अनुसन्धानमा निरन्तर निगरानी राख्ने, सुपरीवेक्षण र अनुगमन गरी मुद्दाको अनुसन्धानलाई ठोस र वस्तुगत प्रमाणमा आधारित बनाउन आवश्यक सहजिकरण गर्ने, कुनै निर्देशन भए समयमै दिने निर्देशनको पालना नभइ अनुसन्धानमा कुनै त्रुटीहरु देखिएमा सोको जानकारी उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयको साथै माननीय महान्यायाधिवक्ताज्यूको सचिवालयमा समेत पठाउने ।

७. अभियोजन सम्बन्धी निर्णय र अभियोजन लेखनलाई ठोस र वस्तुगत प्रमाणमा आधारित बनाइ तथ्य र कानूनको विश्लेषण सहित आधार र औचित्य स्थापित गर्नेगरी स्तरीयता कायम गर्ने गराउने साथै तालुक कार्यालयमा पठाउने विभिन्न मस्यौदाको हकमा पनि सोही अनुरुप गर्ने गराउने ।

८. अपराध पीडित, जाहेरवाला लगायतका सरकारी साक्षीहरुको सम्पर्क नं सहित अभिलेखिकरण गर्ने तथा तिनीहरुको अधिकारको संरक्षण र बकपत्रमा हेलो साक्षी डेस्कको प्रयोगमा विशेष ध्यान पुर्याउने साथै बकपत्रका लागि तिनीहरुसंग सम्पर्क भएको मिति र समय समेतको अभिलेख दुरुस्त राख्ने।

९. सरकारी साक्षीहरुलाई बकपत्र गर्न अदालतमा उपस्थित गराउनु भन्दा अगावै अनिवार्य रुपमा आवश्यक परामर्श एवं सम्झाइ बुझाइ गरी झुठा बकपत्र गरेमा हुने परिणामका बारेमा जानकारी प्रदान गर्ने ।

१०. प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार वादी भई चलेका कतिपय मुद्दामा प्रतिवेदकले बकपत्र गर्दा मुद्दाको परिणाममा तात्विक फरक पर्नेगरी आफुले शुरु प्रतिवेदनमा उल्लेख नगरेका एवं वरामदी मुचुल्कामा उल्लेख भए विपरितका भनाइहरु लेखाएको समेत पाइदा बकपत्र हुनासाथ सोको नक्कल मगाइ हेरी त्यस्तो गरेको पाइएमा निजलाई भत्ता उपलव्ध नगराउन र आवश्यक कारवाही गर्न निज कार्यरत कार्यालय तथा तालुक कार्यालयमा समेत लेखि पठाइदिने र त्यसको अभिलेख राख्ने।

११. बालबालिका सँलग्न मुद्दाको अनुसन्धान, अभियोजन र सुनुवाइको क्रममा बाल अधिकारको संरक्षण, तिनीहरुको उमेर निर्धारण र दिशान्तर जस्ता विषयमा बालबालिका सम्बन्धी ऐन, नियमावली तथा सम्बद्ध कानूनको परिधि भित्र रहि विशेष सकृयता अपनाउने ।

१२. अभियोजन पश्चात आफुले प्रतिनिधित्व गरेको मुद्दामा भएको थुनछेक आदेश उपर ७३ नं. बमोजिमको निवेदन गर्न नपर्ने भएमा कारण खोली निर्णय गरी अभिलेख राख्ने साथै निवेदन वा पुनरावेदन गर्ने नगर्ने मस्यौदा सहित मिसिल पठाउँदा कतिपय मिसिलमा आवश्यक कागजातहरु संलग्न भएको नपाइदा त्यसरी तालुक कार्यालयमा मिसिल पठाउनु अगावै समयमै अभियोजन पछि उठान भएका सम्पूर्ण कागजातहरु शिलशिलेवार रुपमा राखिएको छ, छैन हेरी निर्क्योल गरेर मात्र पठाउने ।

१३. मुद्दाको अभियोजन गर्दा विना आधार प्रमाण ठूलो सजाय हुने दफा लगाइएको कारणले कसूर कायम नभएको वा फरक कसूर कायम भइ सजाय भएको अवस्थामा फैसला मनासिव एवं न्यायसंगत नै हो भन्ने लाग्दालाग्दै पनि यदाकदा १ तह पुनरावेदनको नाउँमा प्रस्ताव पठाउने परम्पराको कायमै भएको देखिदा त्यस्ता मुद्दामा आफ्नो कार्यालयमा कार्यरत सरकारी वकीलहरु बीच छलफल गरी गराइ तथ्य र कानूनका आधारमा औचित्य स्थापित गरी पुनरावेदन गर्ने नगर्ने मस्यौदा प्रस्ताव गर्ने एवं एकरुपता कायम गर्ने ।

१४. शुरु फैसला उपर पुनरावेदन गर्ने/नगर्ने मस्यौदा गर्न तोकिएको सरकारी वकीलले मस्यौदा तयार गरी उच्च सरकारी वकील कार्यालयमा पठाउँदा अनिवार्य रुपमा सरकारी वकील सम्वन्धी नियमावली, २०७७ को नियम २२ मा उल्लेखित व्यवस्थालाई मध्यनजर गरी समयमै पठाउने ।

१५. विभिन्न प्रयोजनका लागि मातहत कार्यालयहरुबाट उच्च सरकारी वकील कार्यालयमा मिसिल पठाउँदा देखिएका एवं पुनरावृती भइरहेका कमी कमजोरीहरुलाई न्यूनीकरण गर्न सबै सरकारी वकीलहरुले विशेष ध्यान दिने ।

१६. आ-आफ्नो कार्यालयको मुद्दा सम्वन्धी विवरणहरुलाई नियमित रुपमा CMS Entry गर्ने साथै आफ्नो कार्यालयको गतिविधिलाई Website update गर्ने/गराउने ।

(मोहन सागर बश्याल)
सहन्यायाधिवक्ता

<u>बोधार्थ</u>

**श्री महान्यायाधिवक्ताको कार्यालय,**
(योजना, अनुसन्धान तथा अनुगमन विभाग)
रामशाहपथ, काठमाडौं ।